# कोन्ज्योसोम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर ।

प.स.२०७९/०८०
च.नं. ९८

बागमती प्रदेश, नेपाल।

## लम्पी स्किन रोग बारे पशुपालक कृषकहरुलाई जानकारी
## प्रकाशन मिति २०८०/०१/२७

लम्पी स्किन रोग पक्स समुहको क्याप्रीपक्स भाईरसबाट गाईभैंसीहरुमा लाग्ने रोग हो।यो रोग तुलनात्मक रुपमा भैंसीमा भन्दा गाईमा बढी देखा पर्दछ।यस रोग केही समय अगाडी सम्म अफ्रिकामा मात्र सिमित रहेता पनि सन् २०१२ पश्चात मध्य पूर्व, दक्षिण पुर्वी युरोप,दक्षिण पूर्वी युरोप,रसिया, काजकिस्तान,बंगलादेश,भारत हुँदै सन् २०२० जुन २४मा नेपालको कोशी प्रदेशको मोरङ्ग जिल्लामा प्रथम पटक देखिएको थियो। हाल यस रोग नेपालभरी फैलिदैं गईरहेको छ र हाल ललितपुरका विभिन्न क्षेत्रहरुमा समेत देखा परेसँगै पशुधनको क्षती साथै दुध उत्पादनमा तिव्र गिरावट, प्रजनन् समस्या र गर्भिनी पशुहरु गर्भपतन जस्ता समस्या देखापर्नेहुँदा विशेष सतर्कता अपनाउन कृषक वर्गमा सुचित गरिन्छ ।

**लम्पी स्किन रोगका लक्षणहरु**

- उच्च ज्वरो (१०४ डिग्री फरेनहाईट भन्दा माथी)।
- दाना पानी कम खाने।
- दुध उत्पादन घट्ने।
- छालामा १-५ सेन्टीमिटरको साह्रो गोलो गिर्खाहरु (सामान्यतया सुरुमा टाउको र घाँटीमा)।
- गिर्खाहरु केही समय पछि हराउँदछ भने कहिलेकाही गिर्खा फुटेर गहिरो घाँउ भई किरा तथा झिंगाहरुले घाँउ थप जटिल बनाउन सक्छन्।
- थुतुनो,ओठ,मुख र नाक भित्र घाउ देखिने।
- आँखा र नाकबाट अत्याधिक मात्रामा तरल पदार्थ आउने।
- लिम्फनोड सुन्निने।
- केही संङ्क्रमित पशुहरुले लक्षण नदेखाउन सक्छन।

**रोग सर्ने तरिका**

- लामखुट्टे, टोक्ने झिंगा र किर्ना जस्ता किराहरुको टोकाईबाट।
- संक्रमित गाईवस्तुहरुको ओसारपोसार ।
- सामुदायिक चरन क्षेत्र तथा दाना तथा पानी खाने ठाँउहरुबाट
- प्राकृतिक वा कृत्रिम गर्भाधानबाट ।
- पशु उपचार गर्नेक्रममा फरक गाईभैंसीहरुमा एउटै सुईको प्रयोग।
- संङ्क्रमित पशुहरुको प्रत्यक्ष सम्पर्कबाट।

**उपचार**

- यो रोगको प्रभावकारी उपचार छैन।
- प्राविधिकको सल्लाह अनुरुप लक्षण अनुसार उपचार गर्ने ।
- रोग लाग्न नदिनुनै उत्तम उपाय हो।

**आफ्नो फार्मको सुरक्षा गर्ने उपायहरु**

- विश्वस्नीय श्रोतबाट गाईभैंसी खरिद गर्नुपर्दछ।
- गाईभैंसी खरिद गरी ल्याए पछि २८ दिन सम्म बथानबाट अल्लगै क्वारेन्टाईनमा राख्नुपर्दछ।
- रोगको प्रकोपको समयमा रोग लागेको ठाँउबाट गाईभैंसी ल्याउनु हुँदैन।
- गोठलाई झिंगा,लामखुट्टे तथा अन्य किराहरुबाट मुक्त राख्न सरसफाईमा ध्यान दिनुपर्दछ।
- आवश्यक्ता अनुसार उपयुक्त कीट विकर्षकको प्रयोग गर्नुपर्दछ।
- गोठवरिपरि पानी जम्न नदिने।
- फार्ममा जैविक सुरक्षाका उपायहरु अवलम्वन गर्नुपर्दछ।
- गाईभैंसीहरुको नियमित निरीक्षण गर्नुहोस र पशुहरुमा रोग लागेको शंङ्का भएमा पशु सेवा शाखा वा पशु सेवा प्राविधिकहरुलाई तुरुन्त जानकारी गर्नुहोस।

२०८०/०१/२७

सुरज गुरुङ्ग
पशु विकास अधिकृत
(सातौं तह)